
कृषिको आधार: सिँचाइमा सुधार

जलस्रोत पुस्तिका

(बार्षिक प्रतिवेदन)

बर्ष २, अंक २



लुम्बिनी प्रदेश सरकार

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

राप्ति उपत्यका (देउखुरी), दाङ

भाद्र, २०८२

जलस्रोत पुस्तिका २०८२

प्रकाशन बर्ष : भाद्र, २०८२

सर्वाधिकार : ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय
रासि उपत्यका (देउखुरी), दाङ

मार्गनिर्देशन : विष्णु भण्डारी (प्रदेश सचिब)

सम्पादन समिति :



महेश पोखेल
सि.डि.हा.जि.



ईश्वर नाथ पक्वां
सि.डि.ई.



भेषराज भुसाल
वरिष्ठ इन्जिनियर



सुबोध गुरागाईं
वरिष्ठ इन्जिनियर



विष्णु उपाध्याय
वरिष्ठ हाइड्रोजियोलोजिस्ट

आवरण फोटो : प्रगन्ना सिँचाइ प्रणालीको बोक्सनिया नहर, नदी नियन्त्रण कार्य रुपन्देही, बाणगंगा सिँचाइ प्रणालीको मूल नहर, कोटस्थान डिप ट्युबेल नवलपरासी, हाइब्रिड सोलार व्याकप प्रणाली रुपन्देही

अन्तिम पृष्ठको फोटोः बाणगंगा सिँचाइ प्रणालीको बाँध संरचना

मुद्रण प्रति : ३०० प्रति

सेटिग : अविनाश अधिकारी

मुद्रक : प्रकाश अफसेट प्रेस बुटवल









मन्त्रालयबाट सञ्चालित विभिन्न तालिमका तस्विरहरू ।



लुम्बिनी प्रदेश सरकार

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय


राप्ति उपत्यका (देउखुरी), दाङ

कृषिको आधार: सिँचाइमा सुधार

जलस्रोत पुस्तिका

(बार्षिक प्रतिवेदन)

बर्ष २, अंक २



लुम्बिनी प्रदेश सरकार

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

राप्ति उपत्यका (देउखुरी), दाङ

भाद्र, २०८२



लुम्बिनी प्रदेश
नेपाल

राष्ट्रिय गान





सयौँ थुङ्गा फुलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएको, मेची महाकाली ।
प्रकृतिका कोटिकोटि सम्पदाका आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।









मन्त्रालयका पदाधिकारीहरू



श्री सीता शर्मा चौधरी
(माननीय मन्त्री)



श्री बिष्णु भण्डारी
(सचिब)



श्री महेश पोखेल
सि.डि.हा.जि.
(प्रबक्ता/ऊर्जा महाशाखा प्रमुख)



श्री कृष्ण बहादुर बि.क.
सि.डि.ई.
(जलस्रोत तथा सिँचाइ महाशाखा प्रमुख)



श्री बिष्णु उपाध्याय
बरिष्ठ हाइड्रोजियोलोजिस्ट
सुचना अधिकारी/विपद फोकल पर्सन



श्री सुवोध गुरागाई
बरिष्ठ इन्जिनियर
मानव अधिकार फोकल पर्सन

लुम्बिनी प्रदेश सरकार

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं.: २०८२।८३

च.न.:

माननिय सीता शर्मा चौधरी
मन्त्री
ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

शुभकामना सन्देश



प्रदेश सरकारको मिति २०८१/१/६ को निर्णय बमोजिम ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पुनःगठन गरेको सन्दर्भमा नबगठित यस मन्त्रलयले स्थापनाको एक बर्ष समेत पुरा गरेको छ । **"सम्बृद्ध लुम्बिनीः खुसी नागरिक"** भन्ने लुम्बिनी प्रदेश सरकारको मूल नारालाई सार्थक बनाउन **"कृषिको आधारः सिँचाइमा सुधार"** भन्ने नाराका साथ सतह, लिफ्ट, नयाँ प्रविधिमा आधारित सिँचाइ र भूमिगत सिँचाइ योजनाहरूको विकास तथा सुदृढीकरण र जलजन्य प्रकोप न्यूनीकरण कार्य समेत गरी कृषिको उत्पादकत्व बढाउन सिँचाइ सेवा सुनिश्चित गर्ने तथा **"उज्यालो प्रदेश लुम्बिनी प्रदेश"** भन्ने नाराका साथ जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा जस्ता नविकरणीय ऊर्जाको पर्बर्दन गर्दै विद्युत आयोजनाको विकास र वितरण प्रणालीको सुदृढीकरण गर्दै जनतासँग ऊर्जाको न्यूनतम पहुँच सुनिश्चिता हुने गरी कार्य गर्ने मन्त्रालयको सोच रहेको छ ।

यसै सन्दर्भमा; यस मन्त्रालयबाट प्रदेश भित्र हालसम्म भएका ऊर्जा, जलस्रोत तथा सिँचाइ सम्बन्धी विकास गतिविधिहरू समेटी **"जलस्रोत पुस्तिका"** प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यस मन्त्रालय र मातहत निकायहरूमा कार्यरत सम्पूर्ण कर्मचारी तथा सबै सिँचाइकर्मीमा यस प्रदेशको विकासमा दत्तचित्त भइ कार्य गर्ने प्रेरणा मिलोस भन्ने कामना गर्दछु । साथै यस पुस्तक प्रकाशनमा खटिनुहुने सबैजना प्रति आभार ब्यक्त गर्दै सम्बद्द पक्षलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

मा सीता शर्मा चौधरी
मन्त्री
ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

लुम्बिनी प्रदेश सरकार

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं.: २०८२।८३

च.न.:

शुभकामना सन्देश



संविधानको कार्यान्वयन संगै लुम्बिनी प्रदेश भित्रका प्रदेश स्तरीय ऊर्जा, जलस्रोत तथा सिँचाइ सम्बन्धी कार्य समेत गर्ने गरी प्रदेश सरकार (मन्त्रीपरिषद) को मिति २०८१/०१/०१ र २०८१/०१/१२ मा प्रदेश सरकार कार्यविभाजन नियामावली हेरफेर हुँदा हालको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको छ। यस विचमा यस मन्त्रालय भौतिक पूर्वाधार मन्त्रालयवाट छुट्टिने पुनः गाभिने क्रम चलिरह्यो। मन्त्रालय हेरफेर हुने, गाभिने र छुट्टिने कारणले institutional memory लगायत समग्र कार्यसम्पादनमा समस्या सृजना भएको अनुभुति मन्त्रालयले गरेको छ।

लुम्विनी प्रदेशमा करिव ६ लाख ७९ हजार हेक्टर सिँचाइ योग्य जमिनमध्ये करिव ५५ प्रतिशत भू-भागमा सिँचाइ सुविधा उपलब्ध हुने गरी सिँचाइका पूर्वाधार निर्माण सम्पन्न भएका छन् भने ३५ प्रतिशत भू-भागमा बाहैं महिना सिँचाइ सेवा उपभोग गर्न सकिने अवस्था रहेको छ। प्रदेश स्थापना भएपश्चात हालसम्म २३१३५ हे. जमिनमा थप सिँचाइ पुग्ने गरी सिँचाइका संरचनाहरू निर्माण भएका छन् भने ७५२९४ हे. जमिनमा भरपर्दो सिँचाइ सुविधा पुग्ने गरी सुदृढिकरणको काम सम्पन्न भएको अवस्था छ।

कृषिको आधारः सिँचाइमा सुधार भन्ने मूल नारा लिएर हाल मन्त्रालय सतह सिँचाइ, लिफ्ट सिँचाइ, भूमिगत सिँचाइ लगायत नया प्रविधिमा आधारित सिँचाइ आयोजनाहरू मार्फत सिँचाइ प्रणालीहरूको विकासमा क्रियाशिल रहेको अवस्था छ । लुम्विनी प्रदेशको दोस्रो आवधिक योजनाले "समृद्ध लुम्विनी, खुसी नागरिक" भन्ने मूल नारालाई साकार पार्न कृषि, उद्योग, पर्यटन र पूर्वाधारलाई मुल आधारको रुपमा लिएको छ। कुल ग्राहस्थ उत्पादनमा २४% भन्दा वढी योगदान रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि सिँचाइ क्षेत्रको विकास र विस्तार अपरिहार्य रहेको सन्दर्भमा सिँचाइ क्षेत्र सरकारको प्राथमिकतामा रहेता पनि सोचे जति लगानी गर्न सकिएको छैन ।सरकारले लगानी गरेका प्रदेश स्तरका ठूला तथा मझौला सिँचाइ आयोजनाहरूमा पर्याप्त वजेट विनियोजन गरी दिगो रूपमा व्यवस्थापन तथा सञ्चालन गर्नु चुनौतिपूर्ण रहेको अवस्था छ।

मन्त्रालयले हरेक वर्ष आर्थिक वर्षमा सम्पादन भएका कामहरुको समिक्षा गर्दै आएकोमा यसपटक आ.व. २०८१।८२ को वार्षिक वजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी लक्ष्य अनुसारको प्रगति समेत हाँसिल गरी आ.व. २०८१/८२ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको वैठक यस मन्त्रालयको माननीय मन्त्रीज्यूको विशेष उपस्थितीमा मिति २०८२/०४/१६ गते यस मन्त्रालयको सभाहलमा सम्पन्न भएको छ। आ.व. २०८१/८२ मा यस मन्त्रालयको कुल वित्तीय प्रगति ७६.९७% रहेको छ भने भौतिक प्रगति करिव ८५% रहेको छ। मन्त्रालयले आ.व. २०८१/८२ को वजेट कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेको छ। मन्त्रालयले कार्यालय प्रमुखहरुसंग कार्ययोजनामा आधारित भएर कार्यसम्पादन सम्झौता गरेको छ। आ.व. २०८२/८३ को वजेट वक्तव्य, विनियोजन विधेयक लगायतका कानुनहरुलाई आत्मसात् गर्दै आ.व. २०८२/८३ को वार्षिक वजेटको सफल कार्यान्वयनका लागि कार्ययोजना सहित समयमै लक्ष्य अनुसारको प्रगति हांसिल गर्न मन्त्रालय प्रतिवद्ध रहेको छ।

मन्त्रालयले यस वर्ष प्रदेशमा ऊर्जा तथा सिँचाइको अवस्था तथा प्रदेश स्थापना पश्चात् हांसिल गरेका मुख्य मुख्य उपलव्धिहरुलाई समेटेर जलस्रोत पुस्तिका प्रकाशन गर्न लागेकोमा निकै हर्षित भएको छु। यस प्रदेशमा सिँचाइ क्षेत्रको विकास तथा विस्तारका लागि यो पुस्तिका महत्वपूर्ण आधार हुने कुरामा विश्वस्त रहेको छु। प्रदेश स्थापना पूर्वको तथ्याङ्कका लागि सिँचाइ विभागले प्रकाशन गरेको सिँचाइ गुरुयोजना २०१९ लाई आधार वनाइएको छ।

आ.व. २०८१/८२ मा मन्त्रालयको प्रगति हांसिल गर्न आवश्यक मार्गदर्शन गर्नुहुने लुम्विनी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, यस मन्त्रालयका माननीय मन्त्रीज्यू, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय परिवार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग, सचिवज्यूहरु, मन्त्रालय परिवार लगायत सहयोग गर्नुहुने प्रति हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु। जलस्रोत पुस्तिका प्रकाशनमा अहोरात्र खटिने पुस्तक प्रकाशन समिति, यस मन्त्रालय अन्तर्गतका महाशाखा तथा शाखा प्रमुख तथा कर्मचारीहरु, मन्त्रालय मातहतका कार्यालय प्रमुख तथा कर्मचारीहरु, माननीय मन्त्रीज्यूको स्वकीय सचिवालयका कर्मचारीहरु सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

विष्णु भण्डारी
सचिव
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

सम्पादकीय

मन्त्रालयबाट प्रदान गरिने तथ्याङ्कीय सूचना सम्प्रेक्षणमा एकरुपता नआउँदा र मन्त्रालय तथा मातहत कार्यालयमा कर्मचारी सरुवा तथा जिम्वेवारी हेरफेर हुँदा तथ्याङ्क नभेटिने तथा सहि सुचना प्रवाहमा जटिलता देखिएकोले मन्त्रालयबाट हालसम्म भए/गरेकाका तथ्याङ्कहरू समेटी लुम्बिनी प्रदेशको सिँचाइको मार्गचित्र सम्बन्धी पुस्तिका प्रकाशन गर्न श्रीमान् सचिब श्री बिष्णु भण्डारीले मिति २०८२/०२/०९ गते निम्न बमोजिमको समिति गठन गरी कार्य सम्पादन गर्न जिम्मेवारी तोक्नु भएको थियो । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सि.डि.हा.जी श्री महेश पोखेलको संयोजकत्वमा प्रगन्ना पड्कापथ सिँचाइ व्यवस्थापन कार्यालयका सि.डि.ई. श्री ईश्वर नाथ पक्वां, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीका ब.ई. श्री भेषराज भुसाल, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका ब.ई. श्री सुबोध गुरागाई र ब.हा.जि. श्री बिष्णु उपाध्याय सहितको पुस्तिका प्रकाशन समिति बनेको थियो।

समितिले तथ्याङ्क संकलनमा एकरुपताको लागि विभिन्न किसिमका फरम्याटहरू तयार गरी मातहत कार्यालयहरूमा तथ्याङ्क माग गरेको थियो । कार्यालयबाट प्राप्त तथ्याङ्कका अलावा जलस्रोत तथा सिँचाइ बिभागबाट प्रकाशित सिँचाइ गुरुयोजना २०१९, सरकारी तथा गैरसरकारी निकायहरूले प्रकाशन गरेका प्रकाशनहरू, मन्त्रालयमा संग्रहित सूचना तथा तथ्याङ्कहरूको आधारमा पुस्तिका तयार गरीएको छ। यस कार्यमा माननीय मन्त्री श्री सीता शर्मा चौधरीले समय समयमा दिनु भएको प्रेरणा, सचिव श्री बिष्णु भण्डारी, यस कार्यमा आफै संलग्न भई गर्नु भएको मार्गनिर्देशन र समितिका सदस्यहरूको अहोरात्र खटाइले यो पुस्तिका प्रकाशन हुन लागेको छ। यस पुस्तकमा प्रस्तुत विषयवस्तुहरूमा यस क्षेत्रमा सरोकार राख्ने सिँचाइ जल उपभोक्ता संस्थाहरू जलस्रोत क्षेत्रका जिज्ञासुहरू, संघ संस्थाहरू, विद्यार्थीहरू, शोधकर्ता एवम् प्राज्ञिक समुदायलाई उपयोगी हुने विश्वास लिएका छौ।

अन्त्यमा यस कार्यको लागि हौसला प्रदान गर्ने माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, मातहत निकायका कार्यालय प्रमुख तथा सूचना अधिकारीहरू, मन्त्रालयका सी.डि.ई. श्री कृष्ण बहादुर बि.क., अधिकृत (लेखा) मनोज विष्ट, प्रशासन सहायक चन्द्राकुमारी बोगटी, का.स.श्री रिसब आचार्य लगाएतका अन्य सहयोगि कर्मचारीहरू र प्रकाशनमा सहयोग गर्ने प्रति आभार व्यक्त चाहन्छौं।

सम्पादन समिति

विषय सुची

१. मन्त्रालयको परिचय १

१.१. पृष्ठभूमि १

१.२. सोच, लक्ष्य, उद्देश्य र रणनीति २

१.३. कार्य जिम्वेवारी ३

१.४. जनशक्ति तथा संगठन संरचना ४

१.५. मन्त्रालयमा हालको जनशक्ति विवरण ६

२. लुम्बिनी प्रदेशको जलस्रोत तथा भू-उपयोगको अवस्था ७

२.१. लुम्बिनी प्रदेशको परिचय ७

२.२. भौगोलिक अवस्था ९

२.३. नदी जलाधार ११

२.४. प्रदेशमा जलस्रोतको अवस्था १३

२.४.१. सतही जलस्रोतको अवस्था १३

२.४.२. भूमिगत जलस्रोतको अवस्था १४

२.५. भू-उपयोगको वर्गिकरण १६

३. लुम्बिनी प्रदेशको ऊर्जाको अवस्था १८

४. मन्त्रालयको आर्थिक बर्ष २०८१/८२ को बार्षिक प्रगति अवस्था २३

४.१. वित्तीय प्रगति अबस्था २३

४.२. बजेट उपशीर्षकगत प्रगति अवस्था २३

४.३. कार्यालयगत योजना कार्यान्वयनको अवस्था २४

४.४. आ.ब. २०८१/०८२ को मुख्य उपलब्धीहरू २६

४.४.१. सिँचाइ तथा नदी नियन्त्रण कार्य २६

४.४.२. ऊर्जा तर्फ २७

४.४.३. ऐन, कानुन निर्माण २८

५. हाल सम्मको उपलब्धी ३१

५.१. सूचक अनुसारको उपलब्धी ३१

५.२. प्रदेश स्थापना पश्चातको विनियोजन तथा खर्चको सारांश ३४

५.३. मन्त्रालयबाट योजना स्वीकृति (Project Appraisal) भई कार्यान्वयनमा गएका केही योजनाहरु ३६

५.४. ऐन/कानुन निर्माण ३७

६. समस्या तथा चुनौतीहरू ३८

६.१. प्रमुख समस्या ३९

६.२. अवसर र चुनौती ३९

अनुसुचिहरु

अनुसूची १. मन्त्रालय मातहत कार्यालयहरुको दरवन्दी ४०

अनुसूची २ :- जिल्लागत परिचयात्मक विवरण ४६

अनुसूची ३. लुम्बिनी प्रदेशको भू-उपयोगको अवस्था ५९

अनुसूची ४ लुम्बिनी प्रदेशको कृषि तथा सिँचाइ योग्य भूमी ५९

अनुसूची ५ लुम्बिनी प्रदेशको सिँचित क्षेत्रको अवस्था ६०

अनुसूची ६आ.व. २०८०/८१ सम्मको जिल्लागत सुचाङ्कमा आधारित प्रगति बिवरण (प्रदेश स्थापना पश्चात) ६१

अनुसूची ७ प्रदेश स्थापना पश्चात कार्यालयबाट निर्माण सम्पन्न भएका मुख्य सिँचाइ योजनाहरूको विवरण ६४

अनुसूची ८ मन्त्रालयबाट योजना कार्यान्वयन स्वीकृती (Project Appraisal) भएका केही योजनाहरुको विवरण ११८

अनुसूची ९ लुम्बिनी प्रदेशसँग सम्बन्धित नक्साहरु १३०

अनुसूची १० **Irrigation Inventry Data of Lumbini Province (IMP** २०१९) १३८

अनुसूची ११ ऊर्जाका विकास तर्फका सम्पन्न योजनाहरु १८०

अनुसूची १२ आ.व. २०८२/८३ को कार्यालयगत योजना विवरण १८८

अनुसूची १३ मन्त्रालय तथा मातहत कार्यालयहरुको सम्पर्क विवरण १९६

अनुसूची १४ मन्त्रालय र अन्तर्गत कार्यालयहरुमा कार्यरत इन्जिनियरिंग सेवाका कर्मचारीहरुको विवरण १९८

तालिका सुची

तालिका १: मन्त्रालय तथा मातहत कार्यालयमा रहेको जनशक्ति विवरण ५

तालिका २: मन्त्रालय तथा सचिवालयको कार्यरत कर्मचारी तथा पदाधिकारी ६

तालिका ३: लुम्बिनी प्रदेशको जिल्लागत परिवार संख्या र जनसंख्या ७

तालिका ४: लुम्बिनी प्रदेशको जिल्लागत क्षेत्रफल (निकुञ्ज तथा संरक्षित क्षेत्र बाहेक) ९

तालिका ५: लुम्बिनी प्रदेशको भौगोलिक विभाजन १०

तालिका ६: लुम्बिनी प्रदेशभित्र पर्ने सहायक जलाधार क्षेत्रहरुको विवरण १२

तालिका ७: लुम्बिनी प्रदेशको सतही जलप्रवाहको विवरण १३

तालिका ८: लुम्बिनी प्रदेशमा भूमिगत जलस्रोतको सम्भावना १५

तालिका ९: लुम्बिनी प्रदेशको भू-उपयोगको स्थिति १६

तालिका १०: प्रदेश भित्रका विद्युत उत्पादन आयोजनाहरू १८

तालिका ११: सर्वेक्षण अनुमति लिएका जलविद्युत आयोजनाहरू १९

तालिका १२: प्रदेशका सम्भावित ठुला जलविद्युत आयोजनाहरू १९

तालिका १३: सम्भावित साना जलविद्युत आयोजनाहरू ३०

तालिका १४: उत्पादन अनुमति लिएका सौर्य ऊर्जाका आयोजनाहरू २०

तालिका १५: क्षेत्रिय कार्यालय मातहत रहेका वितरण प्रणालीको विवरण २१

तालिका १६: उच्च क्षमताका विद्यमान प्रसारण लाइन २१

तालिका १७: आ.व. २०८१/८२ को बिनियोजन र खर्च विवरण (रकम रु हजारमा) २३
तालिका १८: बजेट उपशिर्षकगत बिनियोजन तथा खर्च विवरण (रकम रु हजारमा) २३
तालिका १९: कार्यालयगत योजना कार्यन्वयनको अवस्था २४
तालिका २०: आ.व. २०८१/८२ मा सिँचाइ तथा नदी नियन्त्रणमा प्राप्त उपलब्धी २६
तालिका २१: आ.व. २०८१/८२ मा ऊर्जा क्षेत्रमा प्राप्त उपलब्धी २७
तालिका २२: आ. व. २०८१/८२ मा सञ्चालित तालिमको विवरण २८
तालिका २३: गोष्ठी तथा छलफल कार्यक्रमहरूको विवरण २९
तालिका २४: पुरष्कृत हुने कर्मचारी, उपभोक्ता तथा निर्माण व्यवसायीहरूको विवरण २९
तालिका २५: सूचकका आधारमा वार्षिक उपलब्धीहरु (सिँचाइ तथा जलउत्पन्न) ३१
तालिका २६: सूचकका आधारमा वार्षिक उपलब्धीहरु (ऊर्जा) ३२
तालिका २७: वार्षिक विनियोजन तथा खर्चको सारांश ३४
तालिका २८: मन्त्रालयबाट तयार भएका र हुने क्रममा रहेका कानुनहरुको विवरण ३६

चित्र सुची

चित्र १: मन्त्रालयको संगठन संरचना ५
चित्र २: लुम्बिनी प्रदेशको औसत मासिक तापक्रम ८
चित्र ३: लुम्बिनी प्रदेशको औसत मासिक वर्षा ९
चित्र ४: लुम्बिनी प्रदेशको भौगोलिक विभाजन १०
चित्र ५: लुम्बिनी प्रदेशको Topographical नक्शा ११
चित्र ६: लुम्बिनी प्रदेशभित्र पर्ने प्रमूख नदीहरु १२
चित्र ७: लुम्बिनी प्रदेशको जलस्रोतको सम्भाव्यता १३
चित्र ८: Schematic Geologocal cross-section of Nepal Himalaya १४
चित्र ९: लुम्बिनी प्रदेशमा भू-उपयोगको अवस्था १७
चित्र १०: प्रदेश स्थापना पछि चालू बजेट र खर्चको विवरण ३५
चित्र ११: प्रदेश स्थापना पछि पूँजीगत बजेट र खर्चको विवरण ३५
चित्र १२: प्रदेश स्थापना पछि कुल बजेट र खर्चको विवरण ३६

१. मन्त्रालयको परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना तय गरेको छ। संविधान वमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम पूर्वी भाग, रोल्पा, प्यूठान, दाङ, बाँके र बर्दिया गरी १२ जिल्लाहरू समावेश भएको लुम्बिनी प्रदेशको स्थापना भएको छ। यस प्रदेशमा ६ वटा जिल्लाहरू तराई क्षेत्रमा, ५ वटा जिल्लाहरू पहाडी क्षेत्रमा, र १ वटा जिल्ला हिमाली क्षेत्रमा रहेका छन् भने करिब ५४ प्रतिशत भू-भाग तराई तथा भित्रि मधेश क्षेत्रमा रहेको छ। यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ वटा स्थानीय तहहरू रहेका छन्।

प्रदेश भित्रका सडक, पुल, सिँचाइ, ऊर्जा, आवास, जस्ता पूर्वाधार आयोजनाहरूको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन तथा यातायात सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालय गठन भई कार्य हुँदै आएकोमा प्रदेश सरकारको मिति २०७८/५/१३ को निर्णयानुसार प्रदेश भित्र ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्र संग सम्बन्धित कार्यहरू गर्न छुट्टै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भई सिँचाइ, तटबन्ध, पहिरो नियन्त्रण, विद्युत तथा नविकरणीय ऊर्जा सम्बन्धी कार्य हँदै आएको थियो। तत् पश्चात प्रदेश सरकारको मिति २०७९/१०/२७ को निर्णयानुसार साबिकको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गर्ने सम्पूर्ण कार्य भौतिक पूर्वाधार विकास मन्त्रालयमा समाहित गरी कामकाज हुँदै आएकोमा पुनः लुम्बिनी प्रदेश सरकार (मन्त्रीपरिषद्) को मिति २०८१/०१/०६ को निर्णय अनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भई ऊर्जा, जलस्रोत तथा सिँचाइ सम्बन्धी विभिन्न गतिविधिहरू हुँदै आएको छ।

यस प्रदेशमा सिँचाइ गुरुयोजना २०१९ अनुसार करिव ६ लाख ७९ हजार हेक्टर कृषि योग्य जमिन रहेकोमा हालसम्म करिव ३ लाख ६० हजार हेक्टर भू-भागमा मात्र सिँचाइ सुविधा पुगेको छ। सिँचित जमिनको करिब ३५ प्रतिशत भू-भागमा मात्र बाह्रै महिना सिँचाइ सेवा उपभोग गर्न सकिने अवस्था रहेको छ। प्रदेशको आर्थिक, सामाजिक तथा वातावरणीय प्रभावलाई समेत अनुकुलित गर्दै पानीको अधिकतम उपभोग मार्फत कृषिको उत्पादकत्व बृद्धि गरी समग्र आर्थिक बृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले **"कृषिको आधारः सिँचाइमा सुधार"** भन्ने मूल नाराका साथ विद्यमान सिँचाइ संरचनाको मर्मत सम्भार तथा सुदृढीकरण गरी बाह्रै महिना सिँचाइ हुने क्षेत्रको बढोत्तरी गर्ने, भूमिगत सिँचाइ, सतह सिँचाइ, लिफ्ट सिँचाइ तथा नयाँ प्रविधिमा आधारित सिँचाइ जस्ता नयाँ सिँचाइ प्रणालीको विकास गरी थप सिँचित क्षेत्र विकास गर्ने गरी सिँचाइ सम्बन्धी कार्यहरू सम्पादन भई रहेको अवस्था छ। त्यसैगरी बाढी, पहिरो तथा अन्य जलजन्य प्रकोपहरू व्यवस्थापन तथा न्यूनिकरण कार्य वातावरणीय अनुकुलन हुनेगरी गर्न प्रदेश सरकारको क्षेत्राधिकारभित्रका नदी/पहिरो नियन्त्रण सम्बन्धी कार्यहरू समेत हुँदै आइरहेको छ । साथै प्रदेशमा विद्युत सेवा नपुगेको क्षेत्रमा विद्युत सेवा

प्रदान गर्न र विद्यमान विद्युत वितरण प्रणालीलाई थप सुदृढ तथा विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखी हाल भइरहेका विद्युत संरचनाको स्तरोन्नति तथा विद्युत सेवा नपुगेको स्थानहरूमा वैकल्पिक ऊर्जा मार्फत विद्युत सेवा प्रदान गर्न **"उज्यालो प्रदेशः लुम्बिनी प्रदेश"** को अवधारणा अनुरुप यस प्रदेशलाई विद्युतमा पूर्ण पहुँच भएको प्रदेश बनाउने लक्ष्यका साथ कार्यहरू हुँदै आइरहेको छ।

यस मन्त्रालय मातहत एक वटा प्रदेश ऊर्जा कार्यालय मार्फत प्रदेशभर विद्युत, नविकरणीय ऊर्जा, बायो ग्याँस, हरित ऊर्जा सम्बन्धी कार्य हुँदै आएको छ। १२ वटै जिल्लामा रहेका जलस्रोत तथा सिँचाइ विकास डिभिजन/सब-डिभिजन कार्यालयहरूबाट सिँचाइ तथा नदी नियन्त्रण सम्बन्धी कार्यहरू भइरहेका छन्। रुपन्देही, दाङ र बाँकेमा रहेका तिन वटा भूमिगत सिँचाइ विकास डिभिजन कार्यालयहरू मार्फत भूमिगत सिँचाइ प्रणालीको विकास तथा संरचना मर्मत सम्भार गरी वर्षैभरि सिँचाइ सुबिधा उपलब्ध गराउँदै आइरहेको अवस्था छ। यसैगरी बाणगंगा सिँचाइ प्रणाली, कपिलबस्तु र प्रगन्ना सिँचाइ प्रणाली, दाङको लागि छुट्टाछुट्टै सिँचाइ व्यवस्थापन कार्यालयहरूबाट तत् तत् प्रणालीको संचालन, व्यवस्थापन तथा मर्मत सम्भार सम्बन्धी कार्य भइरहेको छ।

१.२ सोच, लक्ष्य, उद्देश्य र रणनीति

यस मन्त्रालयले "कृषिको आधारः सिँचाइमा सुधार" भन्ने मूल नाराका साथ उपलब्ध सतह तथा भूमिगत जलस्रोतको अधिकतम उपयोग गर्दै सतह सिँचाइ, लिफ्ट सिँचाइ, नयाँ प्रविधिमा आधारित सिँचाइ तथा भूमिगत सिँचाइ योजनाहरूको विकास तथा सुदृढीकरण गरी कृषिको प्रमुख आधारको रुपमा रहेको सिँचाइ सेवाको सुनिश्चिता गर्ने र "उज्यालो प्रदेशः लुम्बिनी प्रदेश" भन्ने मूल नाराका साथ सौर्य ऊर्जा र वायो ग्याँस जस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्दै विद्युत प्रणालीको विकास तथा वितरण प्रणालीको सुदृढीकरण गरी जनतासंग ऊर्जाको न्यूनतम पहुँच सुनिश्चित गर्न यस मन्त्रालयले उद्देश्य तपसिल वमोजिमका सोच, लक्ष्य, उद्देश्य र रणनीति लिएको छ।

सोचः

- कृषि उत्पादकत्व बृद्धिको लागि प्रयास सिँचाइ सुबिधा भएको प्रदेश।
- जलउत्पन्न प्रकोपको न्यूनीकरण भएको सुरक्षित प्रदेश।
- प्रदेशको जलविद्युत सम्भावनाको अधिकतम सदुपयोग र यसको प्रयोग अभिवृद्धि।
- सौर्य ऊर्जालाई मुलधारको विद्युत ऊर्जाको रुपमा विकास गरेको अग्रणी प्रदेश।
- जैविक ऊर्जाको प्रवर्द्धन मार्फत नविकरणीय ऊर्जामा निर्भर प्रदेश।

लक्ष्यः

- कृषियोग्य भूमिमा भरपर्दो एवम् दिगो सिँचाइको व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने।

- जलउत्पन्न प्रकोपबाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति न्यूनीकरण गर्ने।
- स्वच्छ ऊर्जाको रुपमा जलविद्युत उत्पादन र यसको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने ।
- नमुना परियोजनाहरूको लगानीमा निजी क्षेत्रलाइ आकर्षित गरेर यस प्रदेशलाई सौर्य ऊर्जा उत्पादनमा अग्रणी प्रदेश बनाउने।
- वायो ग्याँस, वायो डिजेल, वायो ब्रिकेट जस्ता वायो इन्धन, र वायुमा आधारित ऊर्जाको प्रवर्धनद्वारा ऊर्जामा परनिर्भरता कम गर्ने र नवीकरणीय ऊर्जामा अग्रणी बन्ने।

उदेश्यः

- दिगो र भरपर्दो सिँचाइ सुबिधाको बिस्तार गर्नु।
- जलउत्पन्न प्रकोपबाट हुने जोखिम कम गर्नु ।
- विद्युतमा सबै जनताको पहुँच पुऱ्याउने।
- विद्युत खपत बढाउनुका साथै जल विद्युतमा भएको सम्भावनाको सदुपयोग गर्नु ।
- सौर्य ऊर्जाको उत्पादन तथा उपभोग बढाउनु।
- जैविक तथा वायु ऊर्जाको विकास र उपभोगमा प्रवर्द्धन गर्नु।

रणनीति :

- विभिन्न प्रविधिको प्रयोग गरेर दिगो रुपमा सिँचाइ सुबिधा विस्तार गर्ने।
- सिँचाइको प्राथमिक उद्देश्य सहितका प्रादेशिक गौरवका आयोजना विकास गर्ने।
- सिँचाइ आयोजनाबाट सह-उत्पादनको रुपमा विद्युत निकाल्न प्रोत्साहन गर्ने।
- जल उत्पन्न प्रकोप व्यवस्थापन तथा न्यूनीकरण र नदी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने।
- विद्युत नपुगेका स्थानहरूमा विद्युत सेवा बिस्तार गर्ने।
- यातायात, उद्योग, र घरायसी प्रयोग मार्फत विद्युत खपत बढाउने।
- जलविद्युतमा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षित गर्ने।

१.३ कार्य जिम्वेवारी

लुम्बिनी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार यस मन्त्रालयको कार्य जिम्मेवारी निम्न प्रकार रहेको छ।

» प्रदेशस्तरको ऊर्जा, विद्युत, तथा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन।

» ऊर्जा, विद्युत, सिँचाइ सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन।

- » राष्ट्रिय जलस्रोत नीति र संघीय योजना वमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन।
- » प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन।
- » प्रदेशभित्रको जलस्रोत नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन।
- » मौसम र जलमापन सञ्चार सञ्चाल व्यवस्थापन।
- » जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन।
- » प्रदेशभित्रको नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन।
- » प्रदेशमा निर्माण सामग्रीको उपलब्धता, व्यवस्थापन र गुणस्तर सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन।


राष्ट्रिय योजना आयोगको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को अनुसूची १ ले देहाय बमोजिमका कार्य प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने गरी व्यवस्था गरेको छ।

- » सतह सिँचाइ (नयाँ निर्माण र सिँचाइ व्यवस्थापन/सञ्चालन) को हकमा तराई-मधेशमा ५०० भन्दा बढि ५००० हेक्टरसम्म, पहाडमा ५० भन्दा माथी १०० हेक्टरसम्म र हिमालमा २५ हेक्टर भन्दा बढी ५० हेक्टरसम्म सिंचित क्षेत्र भएका आयोजनाहरू।
- » भूमिगत सिँचाइ (नयाँ निर्माण) को हकमा तराई-मधेशमा एकल वा क्लष्टरमा २००० हेक्टरसम्मको डिप ट्यूववेल, पहाड वा हिमालमा एकल वा क्लष्टरमा १०० हेक्टरसम्मका डिप ट्यूववेल।
- » लिफ्ट सिँचाइ (नयाँ निर्माण)को हकमा क्लष्टरमा २५ भन्दा बढी १०० हेक्टरसम्म सिंचित क्षेत्र भएका आयोजनाहरू।
- » नदी नियन्त्रणको हकमा तराई-मधेशमा एकातर्फ वा दुवैतर्फ १० कि.मी. सम्म तटबन्ध गर्नुपर्ने नदीहरू र पहाड वा हिमालमा एकातर्फ वा दुवैतर्फ ५ कि.मी. सम्म नदी तटबन्ध गर्नुपर्ने नदीहरू।
- » पहिरो नियन्त्रणको हकमा लम्बाइ १०० मिटरभन्दा बढी २०० मिटरसम्म, फेदको चौडाई ५० भन्दा बढी १०० मिटरसम्म र कुल क्षेत्र ५००० भन्दा बढी २०००० वर्ग मिटरसम्म।
- » विद्युतको हकमा १ भन्दा बढी २० मेगावाटसम्मको जलविद्युत वा १ मेगावाटसम्मको सौर्य र वायू ऊर्जा उत्पादन।
- » विद्युत प्रसारण लाइनको हकमा ११ के.भी. प्रसारण लाइन।

१.४ जनशक्ति तथा संगठन संरचना

यस मन्त्रालयमा जलस्रोत तथा सिँचाइ महाशाखा, ऊर्जा महाशाखा, प्रशासन महाशाखा गरी ३ वटा महाशाखा रहेका छन्। साथै मन्त्रालय अन्तर्गत विभिन्न १८ वटा विषयगत कार्यालयहरू क्रियाशिल रहेका छन्।

मन्त्रालयको कुल स्वीकृत दरबन्दी सङ्ख्या २७९ जना रहेकोमा हाल १८४ जना कर्मचारीहरू कार्यरत र ९५ जना कर्मचारी रिक्त रहेको अवस्था छ। रिक्त दरवन्दी धेरै जसो प्राविधिक कर्मचारीको रहेको छ। मन्त्रालय तथा मातहत कार्यालयको दरवन्दी सम्बन्धी बिस्तृत बिबरण अनुसूची १ मा र मन्त्रालयमा कार्यरत कर्मचारीहरूको बिवरण तालिका १ मा देखाइएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको संगठन संरचना तपसिल वमोजिम रहेको छ।



चित्र १: मन्त्रालयको संगठन संरचना

तालिका १: मन्त्रालय तथा मातहत कार्यालयमा रहेको जनशक्ति विवरण

तह	कुल स्वीकृत			हालको पदपुर्ती			रिक्त दरबन्दी		
	प्राविधिक	अप्राविधिक	जम्मा	प्राविधिक	अप्राविधिक	जम्मा	प्राविधिक	अप्राविधिक	जम्मा
रा.प्र.प्रथम	१	०	१	१		१			०
नबौ/दशौ	१९	१	२०	७		७	१२	१	१३
सातौ/आठौ	५४	४	५८	२९		२९	२५	४	२९

तह	कुल स्वीकृत			हालको पदपुर्ती			रिक्त दरबन्दी		
	प्राविधिक	अप्राविधिक	जम्मा	प्राविधिक	अप्राविधिक	जम्मा	प्राविधिक	अप्राविधिक	जम्मा
पाचौ/छैटौ	८१	४८	१२९	५०	३५	८५	३१	१३	४४
चौथौ/पाचौ	६	४	१०	३	१	४	३	३	६
श्रेणी विहिन		६१	६१		५८	५८	०	३	३
कुल जम्मा	**१६१**	**११८**	**२७९**	**९०**	**९४**	**१८४**	**७१**	**२४**	**९५**

१.५ मन्त्रालयमा हालको जनशक्ति विवरण

यस मन्त्रालयमा हाल तपशिल बमोजिमका जनशक्ति रहेका छन्।

तालिका २: मन्त्रालय तथा सचिवालयको कार्यरत कर्मचारी तथा पदाधिकारी

क्र.सं	कर्मचारीको नाम	पद	कैफियत
१	मा.सीता शर्मा चौधरी	मन्त्री	
२	बिष्णु भण्डारी	सचिव	हाल सरुवा भएको
३	चुर्ण बहादुर ओली	सचिव	
४	महेश पोखेल	सि.डि. हाइड्रोजियोलोजिस्ट	ऊर्जा महाशाखा प्रमुख
५	कृष्ण बहादुर बि.क	सि.डि.ई.	जलस्रोत तथा सिँचाइ महाशाखा प्रमुख (कामकाज)
६	सुबोध गुरागाई	ब.इन्जिनियर	
७	बिष्णु उपाध्याय	ब.हाइड्रोजियोलोजिस्ट	
८	गोविन्द निरौला	ब.इन्जिनियर	
९	सबिता भण्डारी	ना.सु.	
१०	चन्द्रकला बोगटी	सहायक पाचौ	
११	रिसब आचार्य	कार्यालय सहयोगी	
१२	शान्ति सुनार	कार्यालय सहयोगी	
१३	माया खनाल	कार्यालय सहयोगी	
१४	गुणानिधि पन्थी	कार्यालय सहयोगी	
१५	अजय चौधरी	ह.स.चा.	
१६	परमेश्वोर चौधरी	ह.स.चा.	

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

२. लुम्बिनी प्रदेशको जलस्रोत तथा भू-उपयोगको अवस्था

२.१ लुम्बिनी प्रदेशको परिचय

संविधानको अनुसूची -४ मा उल्लेख गरिएका सात वटा प्रदेश मध्ये लुम्बिनी प्रदेश नेपालको मध्य पश्चिमी भागमा पर्छ। मिति २०७७/०६/२० को प्रदेश सभाको निर्णयबाट यस प्रदेशको राजधानी रासी उपत्यका (देउखुरी) र नामाकरण लुम्बिनी प्रदेश कायम भएको छ। लुम्बिनी प्रदेशको नाम बौद्ध धर्मका संस्थापक गौतम बुद्धको जन्मस्थल लुम्बिनीको पवित्र तीर्थस्थलको नामबाट राखिएको हो।


लुम्बिनी प्रदेश उत्तरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म र पूर्वमा त्रिवेणी सुस्तादेखि पश्चिममा राजापुरसम्म जम्मा १७८०९.३९ वर्ग किलोमिटर (निकुञ्ज तथा संरक्षित क्षेत्र बाहेक) भूभाग फैलिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशको कुल जनसङ्ख्या ५१,२२,०७८ रहेको छ।

तालिका ३: लुम्बिनी प्रदेशको जिल्लागत परिवार संख्या र जनसंख्या

क्षेत्र	परिवार संख्या	पुरुष	महिला	जम्मा	परिवारको औसत आकार	लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या)	जन घनत्व
रुकुम पूर्व	१२८८६	२७५१६	२९२७०	५६७८६	४.४१	९४.०१	३४
रोल्पा	५२२२१	१०९८७१	१२४९२२	२३४७९३	४.५०	८७.९५	१२५
प्युठान	५६२०३	१०४१३२	१२७८८७	२३२०१९	४.१३	८१.४३	१७७
गुल्मी	६६१२५	११२०२५	१३४४६९	२४६४९४	३.७३	८३.३१	२१५
अर्घाखाँची	४८४६५	८०६७२	९६४१४	१७७०८६	३.६५	८३.६७	१४८
पाल्पा	६५०४९	११२७६१	१३२२६६	२४५०२७	३.७७	८५.२५	१७८
नवलपरासी पश्चिम	८२७३८	१८८१८२	१९८६८६	३८६८६८	४.६८	९४.७१	५२७
रुपन्देही	२३८३२०	५५०४७८	५७१४७९	११२१९५७	४.७१	९६.३३	८२५
कपिलवस्तु	१२१९४६	३३४६८७	३४८२७४	६८२९६१	५.६०	९६.१०	३९३
दाङ्ग	१६२३१६	३२०५७३	३५४४२०	६७४९९३	४.१६	९०.४५	२२८
बाँके	१२९३०७	२९६७४५	३०६४४९	६०३१९४	४.६६	९६.८३	२५८
बर्दिया	१०६३२६	२१६७६६	२४३१३४	४५९९००	४.३३	८९.१५	२२७
लुम्बिनी प्रदेश	११४१९०२	२४५४४०८	२६६७६७०	५१२२०७८	४.४९	९२.०१	२६०

(श्रोतः राष्ट्रिय जनगणना २०७८)

नेपालको लुम्बिनी प्रदेशमा आर्द्र उपोष्ण कटिबंधीय (humid subtropical) हावापानी छ जसमा समय अनुसार फरक-फरक मौसम हुन्छ। जाडो (हल्का र घमाइलो), गर्मी (तातो र आर्द्र), र वर्षा (भारी वर्षा)। जनवरीमा तापक्रम औसत १५°C देखि दक्षिणी मैदानी क्षेत्रमा सबैभन्दा तातो महिनाहरूमा ४०°C भन्दा बढी हुन सक्छ।




(श्रोतः https://nomadseason.com/climate/nepal/lumbini-province.html)

चित्र २: लुम्बिनी प्रदेशको औसत मासिक तापक्रम

मनसुन ऋतुले विशेष गरी जुलाई र अगस्टमा पर्याप्त वर्षा ल्याउँछ। जनवरीदेखि मार्चसम्म, अपेक्षाकृत कम वर्षा हुन्छ, जनवरीमा मात्र २५ मिमी (१.० इन्च) र फेब्रुअरीमा अलि कम २३ मिमी (०.९ इन्च) वर्षा हुन्छ। अप्रिलमा वर्षा बढ्न थाल्छ, ४५ मिमी (१.८ इन्च) पुग्छ, र मे महिनामा उल्लेखनीय रूपमा बढ्छ किनकि पूर्व-मनसुन वर्षाले ११९ मिमी (४.७ इन्च) योगदान गर्दछ। यी महिनाहरू, अझै पनि परिवर्तनशील भएतापनि, नजिकिँदै गरेको मनसुन ऋतुको संकेत गर्दछ, जुन जुनदेखि सेप्टेम्बरसम्म यस क्षेत्रमा प्रभुत्व जमाउँछ।

मनसुनको समयमा, लुम्बिनीमा सबैभन्दा धेरै वर्षा हुन्छ, जुन जुलाईमा आश्चर्यजनक ५२६ मिमी (२०.७ इन्च) को साथ शिखरमा पुग्छ, त्यसपछि अगस्टमा ४२९ मिमी (१६.९ इन्च) हुन्छ। यो तीव्र वर्षाले प्रदेशको हरिया वनस्पतिलाई कायम राख्छ तर बाढी पहिरो जस्ता प्रकोपहरू पनि सृजना गर्छ। मनसुन पछि, सेप्टेम्बरमा वर्षामा २९८ मि.मी. (११.७ इन्च) को कमि आउँछ र त्यसपछि ४४ मि.मी. (१.७ इन्च) को साथ सुख्खा अक्टोबरमा परिवर्तन हुन्छ। वर्षको अन्त्य महिनाहरू, विशेष गरी नोभेम्बर र डिसेम्बरमा, न्यूनतम वर्षा हुन्छ, क्रमशः केवल ५ मिमी (०.२ इन्च) र १३ मिमी (०.५ इन्च), जसले वर्षा मौसमको अन्त्यलाई चिन्ह लगाउँछ।



(श्रोतः https://nomadseason.com/climate/nepal/lumbini-province.html)

चित्र ३: लुम्बिनी प्रदेशको औसत मासिक वर्षा

२.२ भौगोलिक अवस्था

यो प्रदेश २७° ३७′ देखि २८° ५०′ उत्तरी अक्षांश र ८०.५° देखि ८४° पूर्वी देशान्तरसम्म फैलिएको छ। लुम्बिनी प्रदेशको पूर्वमा गण्डकी प्रदेश, पश्चिममा कर्णाली प्रदेश र सुदूरपश्चिमप्रदेश, उत्तरमा गण्डकी प्रदेश र कर्णाली प्रदेश तथा दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्दछन्। लुम्बिनी प्रदेशमा १२ जिल्ला रहेका छन्।

तालिका ४: लुम्बिनी प्रदेशको जिल्लागत क्षेत्रफल (निकुञ्ज तथा संरक्षित क्षेत्र बाहेक)


जिल्ला	क्षेत्रफल (वर्ग कि.मि.)	जिल्ला	क्षेत्रफल (वर्ग कि.मि.)
नवलपरासी पश्चिम	६३४.८८	रुकुम पूर्व	११६१.१३
रुपन्देही	१२९७.४९	रोल्पा	१८८५.४१
कपिलवस्तु	१६५१.१७	प्युठान	१३२०.१३
पाल्पा	१४६१.९०	दाङ्ग	३०५९.८१
अर्घाखाँची	१२३९.०८	बाँके	१८८२.२७
गुल्मी	१११०.७६	बर्दिया	११०५.३६
लुम्बिनी प्रदेश	**१७८०९.३९**		

(श्रोतः https://mofaga.gov.np/)

यस प्रदेशको एकमात्र हिमाली जिल्ला पूर्वी रुकुम हो भने प्रदेशका धेरै भूभाग मध्य पहाडमा पर्दछन्। रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची र पाल्पा पहाडी जिल्लाहरु हुन् भने दाङ भित्री मधेसमा पर्ने जिल्ला हो। नवलपरासी (सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, बाँके र वर्दिया गरी ५ जिल्लाहरु भने तराइ क्षेत्रमा पर्दछन्।


तालिका ५: लुम्बिनी प्रदेशको भौगोलिक विभाजन

क्र. सं.	विवरण	प्रतिशत
१	उच्च हिमालय (Great Himalaya)	३.२%
२	मध्य हिमाल (Fore Himalaya)	८.४%
३	मिडल्यान्ड (Midlands)	२०.७%
४	महाभारत (Mahabharat)	११.९%
५	सिवालिक (Siwalik)	२३.२%
६	भित्री मधेश उपत्यका (Dun valley)	४.८%
७	तराइ (Terai)	२७.९%



(स्रोतः सिँचाइ गुरुयोजना - २०१९)

चित्र ४: लुम्बिनी प्रदेशको भौगोलिक विभाजन




Districts	Arghakhanchi	Banke	Bardiya	Dang	Gulmi	Kapilbastu	Palpa	Parasi	Pyuthan	Rolpa	Rukum East	Rupandehi	Province
Min Elevation	177	97	74	152	469	22	192	52	305	628	920	5	5
Max Elevation	2255	1222	1574	2044	2561	1257	2362	1476	3615	3630	7246	1143	7246

(स्रोतः सिँचाइ गुरुयोजना - २०१९)

चित्र ५: लुम्बिनी प्रदेशको Topographical नक्शा

२.३ नदी जलाधार

लुम्बिनी प्रदेशलाई मुख्यतया कर्णाली र नारायणी गरी २ वटा जलाधार क्षेत्रमा विभाजन गर्न सकिन्छ जसभित्र ८ वटा सहायक जलाधार क्षेत्रहरू पर्दछन्। यी जलाधार क्षेत्रहरुमा १९५५ कि.मि. लामो बहाब क्षेत्र भएका ४४ वटा नदी तथा खोलाहरू रहेका छन्। सबै भन्दा लामा नदीहरू पश्चिम रापती नदी (२०७.७ कि.मि.), ववई (१६८.८ कि.मि.) र माडी खोला (११५.७ कि.मि.) हुन्। सहायक जलाधार क्षेत्रहरुमध्ये सबैभन्दा ठूलो पश्चिम रापती (३५.५३ प्रतिशत) हो भने दोश्रो ठुलो तिनाउ (२२.५१ प्रतिशत), तेस्रो ठुलोमा मानखोला बबई (१७.०८ प्रतिशत) रहेका छन्।



(स्रोतः सिँचाइ गुरुयोजना - २०१९)

चित्र ६: लुम्बिनी प्रदेशभित्र पर्ने प्रमूख नदीहरु

तालिका ६: लुम्बिनी प्रदेशभित्र पर्ने सहायक जलाधार क्षेत्रहरुको विवरण

सहायक वेशिन	क्षेत्रफल प्रतिशतमा
पश्चिम रापती (L)	१६.६६%
पश्चिम रापती (U)	१८.८७%
नारायणी (L)	१.५०%
बाणगंगा तिनाउ	२२.५१%
कालिगण्डकी (L)	११.२५%
सानी भेरी	८.७३%
बबई मानखोला	१७.०८%
तल्लो कर्णाली	३.४०%

(श्रोतः भू तथा जलाधार संरक्षण विभाग)

२.४ प्रदेशमा जलस्रोतको अवस्था


२.४.१ सतही जलस्रोतको अवस्था

सिँचाइ गुरुयोजना - २०१९ अनुसार लुम्बिनी प्रदेश भित्र ६ वटा जलस्रोतका सब-वेशिनहरु पर्दछन् भने प्रदेशको वार्षिक सतही जलप्रवाह करिब ८ अरब घनमिटर प्रति वर्ष रहेको छ।

तालिका ७: लुम्बिनी प्रदेशको सतही जलप्रवाहको विवरण

सब-वेसिन	सतही जलस्रोत (Mm³/year)	लुम्बिनी प्रदेशभित्र पर्ने क्षेत्र (प्रतिशत)	लुम्बिनी प्रदेशमा पर्ने सतही जलस्रोत (Mm³/year)
११	३९४०	०.३२%	१२.५१
१२	२८९९	६०.९५%	१७६७.०२
१६	३७३३	६२.४७%	२३३२.०१
१७	१६५३	९९.५४%	१६४५.३५
१८	८७२२	१.९०%	१६६.०५
२३	२७२१	४०.०१%	१०८८.७०
२४	४६१	१००.००%	४६१.००
२५	१५८८	३१.३१%	४९७.१६
	जम्मा		**७९६९.८०**

(स्रोतः सिँचाइ गुरुयोजना - २०१९)




(स्रोतः सिँचाइ गुरुयोजना - २०१९)

चित्र ७: लुम्बिनी प्रदेशको जलस्रोतको सम्भाव्यता

२.४.२ भूमिगत जलस्रोतको अवस्था

सिँचाइ गुरु योजना २०१९ बमोजिम नेपालमा करिब १२ अर्ब घ.मि. बार्षिक भूमिगत जलको भण्डारण हुने र धेरै जसो भूमिगत जलको अवस्थिति तराईको मैदानी भू-भागमा हुने हुँदा यस प्रदेशको तराई क्षेत्र, पहाडका बेसी तथा टार क्षेत्रहरु भूमिगत जलस्रोतको सम्भावना भएको क्षेत्र मानिन्छ। नेपालको पहाडी क्षेत्रमा वर्षातको पानीको करिब ८-१० प्रतिशत भूमिगत स्रोतको रुपमा जमिनमुनि जान्छ। सुख्खा मौसममा नदीको बहाबमा करिब १० प्रतिशत जति योगदान भूमिगत जलले दिने गर्छ, त्यसकारण प्रमुख नदीको स्रोत भूमिगत जल र हिँउ नै हो भने साना खोलाहरूको स्रोत भूमिगत जल मात्रै भएको बिभिन्न अध्ययनबाट देखिएको छ। यस प्रदेशको तराईका भू-भागका अतिरिक्त दाङ, देउखुरी जस्ता दुन उपत्यकामा भूमिगत जलस्रोतको प्रचुर सम्भावना भएको र हाल सिँचाइ, घरेलु उपयोग तथा औद्यौगिक प्रयोजनमा भूमिगत जलको प्रयोग भईरहेको छ। तराईको खानेपानीको एक मात्र स्रोत भूमिगत जल रहेको छ भने पहाडमा ढुँगे धारा, कुवा आदिको स्रोत समेत पनि भूमिगत जल नै रहेको छ।



(स्रोतः सि. के. शर्मा १९९५)

चित्र ८: Schematic Geologocal cross-section of Nepal Himalaya

तराई क्षेत्रमा छिद्र सहितका माटोका पत्रहरू भएकोले तराईलाई भूमिगत जलस्रोतको मुख्य संभावित क्षेत्र मान्न सकिन्छ । तराइको भू-गर्भमा उत्तरी क्षेत्रको पहाडी भूभागबाट बहने साना ठुला नदिहरूले बगाएर

ल्याएको नदिजन्य पत्रैपत्रको थेग्रोहरू (Alluvial deposit) रहेको छ। यस्ता ठुला साना ग्राभेल, मोटो मसिनो बालुवा र मसिनो पाँगो माटोका थेग्रोहरूका पत्रहरूमा भएको छिद्रहरुमा भूमिगत जल संचित हुने गर्दछ। पहाडबाट निस्कने नदीहरूको तथा वर्षातको पानी उत्तरी तराइको भावर क्षेत्रबाट प्रचुर मात्रामा पुनर्भरण हुने तथ्य विभिन्न अध्ययनले देखाएको छ। जमिनको प्रयोगमा आएको परिवर्तन, भावर र चुरे क्षेत्रको वन विनास, मौसमी चक्रमा आएको परिवर्तन, चुरे क्षेत्रको नदी नालामा भई रहेको अत्यधिक नदिजन्य पदार्थको उत्खनन लगाएतका कारणले भूमिगत जलको पुनर्भरणलाई प्रतिकुल असर गरिरहेको छ। तराई क्षेत्रमा हालसालै देखिएको चापाकल/ ट्युववेलहरू सुक्ने, ट्युववेलमा पानीको सतह घट्ने जस्ता समस्याहरू पानी पुनर्भरणमा आएको प्रतिकुलताका कारण श्रृजित समस्या रहेको देखिन्छ ।

उपयोग र नियन्त्रण कृषकको हातमा हुनु, सुख्खा खडेरीमा पनि संचालन हुने, जुनसुकै समयमा पानीको पहुँच हुने, धेरै संरचना आवश्यक नपर्ने, ठुलो लगानी आवश्यक नपर्ने, छोटो अबधिमा योजना सम्पन्न हुने, प्रविधिमा भएको विकासले सस्तो निर्माण र संचालन लगाएतका कारणले गर्दा तराई क्षेत्रको सिँचाइमा भूमिगत जलस्रोत लोकप्रिय र कृषकको रोजाईमा रहेको छ। बढ्दो भूमिगत जलको दोहनले देखिन सक्ने असरहरूलाई न्यूनीकरण गर्न समयमा नै सजग हुन जरुरी छ। पानी खेर नजाने गरी प्रयोग/पूनः प्रयोग गर्ने, पानी पुनर्भरणको क्षेत्र पहिचान गरी संरक्षण गर्ने, पुनर्भरण पोखरीहरू निर्माण गर्ने, पानीका मुहान/स्रोतहरूको संरक्षण गर्ने, र तीनै तहका सरकारहरूले जलस्रोत नियमन तथा व्यवस्थापनको लागि आवश्यक कानुनी प्रबन्ध गर्न अत्यन्तै जरुरी देखिएको छ।

तालिका ८: लुम्बिनी प्रदेशमा भूमिगत जलस्रोतको सम्भावना

जिल्ला	भूमीगत जलस्रोतको सम्भावना ($Mm^3/year$)
बाँके	६३२
बर्दिया	७५९
दाङ्ग	३२४
कपिलवस्तु	६९२
नवलपरासी	६२८
रुपन्देही	९९७
जम्मा	४०३२

(स्रोतः सिँचाइ गुरुयोजना २०१९)


२.५ भू-उपयोगको वर्गिकरण

लुम्बिनी प्रदेशको अधिकांश भूभाग (५३.४८%) बन जंगलले ओगटेको छ। कृषि योग्य भूमी करिब ६ लाख ७९ हजार हेक्टर (३५.१४%) रहेको छ।

तालिका ९: लुम्बिनी प्रदेशको भू-उपयोगको स्थिति

जिल्ला	कृषि- समथर गह्रा	कृषि - भिरालो पाखा	कृषि - उपत्यका, टार, तराइ	बाँझो	वन क्षेत्र	आवास क्षेत्र	जल क्षेत्र	बुट्यान/घाँसे मैदान	हिउँ/ हिमनदी
अर्घाखाँचि	०.१७%	१५.७३%	६.९८%	०.०९%	७६.०३%	०.०३%	०.२८%	०.७०%	०.००%
बाँके	०.००%	०.००%	३०.८२%	१.५७%	६०.७८%	१.६५%	१.५९%	३.६०%	०.००%
बर्दिया	०.००%	०.००%	३२.४२%	२.१०%	५५.२२%	२.०२%	५.०५%	३.१८%	०.००%
दाङ	०.०२%	३.८४%	३१.०९%	३.०३%	५६.१२%	०.७६%	४.१५%	१.००%	०.००%
गुल्मी	१३.७०%	२५.८०%	२.२४%	०.५०%	५४.४३%	०.४५%	०.९७%	१.९०%	०.००%
कपिलवस्तु	०.००%	०.१३%	५७.०७%	०.००%	३४.७२%	१.८६%	२.४७%	३.७४%	०.००%
नवलपरासी पश्चिम	०.००%	०.२९%	५६.६७%	१.०९%	३०.६९%	२.५८%	५.०८%	३.६१%	०.००%
पाल्पा	१.३३%	३९.९७%	४.०६%	०.३६%	५०.५७%	०.५४%	२.०४%	१.१३%	०.००%
प्युठान	३.८३%	१०.९३%	४.४०%	०.१०%	७३.४१%	०.०९%	२.०१%	५.२१%	०.००%
रोल्पा	५.०७%	१९.२६%	१.१४%	०.०१%	६९.११%	०.०४%	०.९१%	४.४६%	०.००%
रुकुम पूर्व	०.३९%	४.७१%	०.५३%	१०.५९%	४५.५८%	०.०२%	०.९४%	२९.८३%	७.४१%
रुपन्देही	०.००%	०.१७%	६८.५२%	०.२२%	१९.००%	६.७८%	१.९०%	३.४०%	०.००%
प्रदेश	१.६९%	९.१९%	२४.२६%	१.९०%	५३.४८%	१.२८%	२.४०%	५.१५%	०.६५%

(स्रोतः सिँचाइ गुरुयोजना-२०१९)



(स्रोतः सिँचाइ गुरुयोजना - २०१९)

चित्र ९: लुम्बिनी प्रदेशमा भू-उपयोगको अवस्था

ऊर्जा जलस्रोत तथा सिँचाइ

३. लुम्बिनी प्रदेशको ऊर्जाको अवस्था

लुम्बिनी प्रदेशका १२ जिल्लाहरूमध्ये भौगोलिक जटिलताका कारण तराई क्षेत्रको तुलनामा पहाडी क्षेत्रका जिल्लाहरूमा विद्युतिकरण कम भएको पाईन्छ। २०८१ चैत्रसम्म लुम्बिनी प्रदेशमा ९८ प्रतिशत जनसङ्ख्यामा विद्युत पहुँच पुगेको छ जुन २०७४ सालमा ७४ प्रतिशतको हाराहारीमा थियो। नेपाल विद्युत प्राधिकरणको तथ्याङ्कका आधारमा रोल्पा तथा पूर्वी रुकुममा सबै भन्दा कम विद्युतिकरण भएको देखिन्छ। राष्ट्रिय प्रसारण लाइन, साना तथा लघु जलविद्युत, सौर्य प्रणाली, तथा अन्य विकेन्द्रीकृत प्रणालीहरूको विकासले विद्युत सेवा बिस्तार सम्भव भएको हो। यद्यपी, विद्युत सेवा बिस्तार तथा प्रयोगमा देखिएका केही चुनौतीहरू जस्तैः केही क्षेत्रमा नियमित रुपमा लाइन जाने, दूरदराजका गाउँहरूमा स्थिर लाइन पुग्न नसक्नु, विद्युत महसुल र विद्युतीय उपकरणहरू महँगो हुँदा विद्युतको पूर्ण उपयोग गर्न नसकिने चुनौती थपिएको छ।

लुम्बिनी प्रदेशमा जलविद्युत उत्पादन क्षमता करिब ३००० मेगावाट रहेता पनि हालसम्म ४२.२ मेगावाट मात्र विद्युत उत्पादन भएको देखिन्छ। सौर्य विद्युतबाट करिब १२० मेगावाट र हाईब्रिड प्रविधिबाट ०.०२५ मेगावाट विद्युत उत्पादन भईरहेको छ। यस प्रदेशमा रहेका निर्माणाधिन विद्युत आयोजनाहरूमध्ये निकट भविष्यमै जलविद्युत आयोजना र सौर्य विद्युत आयोजनाबाट करिब ५० मेगावाट थप विद्युत उत्पादन हुने देखिन्छ। साथै यस प्रदेशमा नेपाल सरकारको वास्केटमा रहेका साना जलविद्युत आयोजनाहरू बाट करिब ८४.४२ मेगावाट र सम्भावित ठूला जलविद्युत आयोजनाहरूबाट करिब ३००० मेगावाट विद्युत उत्पादन हुनुका साथै जलाशययुक्त आयोजनाबाट सिँचाइ प्रणाली विस्तार तथा पर्यटन प्रर्वधन समेत गर्न सकिने सम्भावना समेत रहेको छ।

तालिका १०: प्रदेश भित्रका विद्युत उत्पादन आयोजनाहरू

क्र.सं.	आयोजना	स्थान	जल विद्युत उत्पादन (मे.वा.)	उत्पादन सुरु
१	झिमरुक हाइड्रो पावर	झिमरुक नदी, प्युठान	१२.३	२०५१
२	रिडी हाइड्रो पावर	रिडी खोला, गुल्मी	२.४	२०६६
३	रुरु हाइड्रो पावर	हुन्दी खोला, गुल्मी	५	
४	गण्डक हाइड्रो	गण्डक नहर, नवलपरासी	१५	
५	तिनाउ हाइड्रो पावर	तिनाउ खोला , पाल्पा	१.७५	
६	गौतमबुद्ध हाइड्रो पावर	सिस्नेखोला पाल्पा	०.७५	२०६४
७	धन्सीखोला	धन्सीखोला रोल्पा	०.९५	
८	रापि हाइड्रो पावर	रुकुमगाड रुकुम	५	२०७९
कुल			४२.२	

(स्रोतः नेपाल विद्युत प्राधिकरण, बार्षिक प्रतिवेदन २०२४)

तालिका ११: सर्वेक्षण अनुमति लिएका जलविद्युत आयोजनाहरू

क्र.सं.	जिल्ला	स्थान	उत्पादन (मे.वा.)
१	पाल्पा	तिनाउ खोला	३.४४
२	गुल्मी	नेटा	२४.४
३	रुकुम पुर्व	रुकुम गाड	४.३७
४	रुकुम पुर्व	सिस्ने खोला	५.२४
५	रुकुम पुर्व	रारुसी	४४.५२
६	रुकुम पुर्व	रान्मामेकोट	४.३६
७	रुकुम पुर्व	शोभा	२३.२१
८	प्युठान	झिमरुक	१.५
९	प्युठान	लुंग	२.४२
जम्मा			**११३.४६**

(स्रोतः नेपाल विद्युत प्राधिकरण, बार्षिक प्रतिवेदन २०२४)

तालिका १२: प्रदेशका सम्भावित ठुला जलविद्युत आयोजनाहरू

क्र.सं.	जिल्ला	आयोजना	क्षेमता (मे.वा.)	कैफियत
१	कपिलबस्तु	रासी-कपिलबस्तु डाईवर्सन	४५	
२	पाल्पा	कालिगण्डकी	८७०	जलासय युक्त
३	पाल्पा	कालिगण्डकी-तिनाउ डाईवर्सन	१०५	
४	गुल्मी	रिडी खोला	९७	जलासय
५	गुल्मी	तल्लो बडीगाड	३८०	जलासय
६	रुकुम पुर्व	उत्तर गंगा	६००	जलासय
७	रोल्पा	माडी	२५३	जलासय
८	प्युठान	नौमुरे	२४५	जलासय
९	प्युठान	अपर झिमरुक	१००	जलासय
१०	प्युठान	तल्लो झिमरुक	१४३	जलासय
११	दांग	माडी-दांग डाईवर्सन	८६	
१२	बर्दिया	भेरी-बबई डाईवर्सन	४८	
कुल			**२९४२**	

(स्रोतः नेपाल विद्युत प्राधिकरण, बार्षिक प्रतिवेदन २०२४)

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

तालिका १३: सम्भावित साना जलविद्युत आयोजनाहरू

क्र.सं.	जिल्ला	आयोजना	क्षेमता (मे.वा.)	कैफियत
१	गुल्मी	बडीगाड	७	
२	गुल्मी	छल्दीखोला	४.९६	
३	गुल्मी	अपर बडीगाड	५	
४	गुल्मी	हुक्दी	३.६	
५	गुल्मी	पानागाड	१.२	
६	रोल्पा	बोन्जनखोला	२	
७	रोल्पा	चुरियागाड	२.८	
८	रोल्पा	कालीगाउँ खोला	२	
९	रोल्पा	माडीखोला	३.६	
१०	रोल्पा	सिवानखोला	४.९६	
११	रोल्पा	लुन्ग्री खोला	१०	
१२	रुकुम पुर्व	लहुखोला	४	
१३	रुकुम पुर्व	सेर्पूदह	३०.०१	
१४	अर्घाखांची	बाणगंगा	३.२	
कुल जम्मा			**८४.४२**	

(स्रोतः नेपाल विद्युत प्राधिकरण, बार्षिक प्रतिवेदन २०२४)

तालिका १४: उत्पादन अनुमति लिएका सौर्य ऊर्जाका आयोजनाहरू

क्र. सं.	उत्पादक	योजना	जिल्ला	क्षेमता (मे.वा.)	बर्ष	कैफिएत
१	पशुपती रिन्युएबल क.	धर्मनगर सोलार फर्म	कपिलबस्तु	१०	२०८०	
२	पशुपती रिन्युएबल क.	धर्मनगर सोलार फर्म	कपिलबस्तु	१५	२०८०	
३	फर्स्ट सोलार क.	भूकुटी ग्रिड	कपिलबस्तु	८	२०७७	
४	अर्खाभगबती भेन्चर	अर्घा सोलार	अर्घाखाँची	१०	२०८०	
५	प्राइम पावर क.	लमही सोलार	दाङ	१०	२०८०	
६	प्राइम पावर क.	कपिलबस्तु सोलार	कपिलबस्तु	३०	२०८१	
७	गोर्खा कन्जिनिएल इनर्जी	लमही सोलार	दाङ	३०	२०७५	
८	सुर्य पावर क	बिष्णु प्रिया सोलार	नवलपरासी	०.९	२०७४	

क्र. सं.	उत्पादक	योजना	जिल्ला	क्षेमता (मे.वा.)	बर्ष	कैफियत
९	रिडी हाइड्रो क.	बुटवल सोलार	रुपन्देही	८.५	२०७७	
१०	नेसनल सोलार क.	ग्रिड कनेकटेड सोलार	नवलपरासी	५	२०७९	
११	सौर्य विद्युत पावर	ग्रिड कनेकटेड सोलार	नवलपरासी	२	२०८०	
१२	पेवर इनर्जी क	नैनापुर सोलार प्रोजेक्ट-२	बाँके	१०	२०८०	
१३	पेवर इनर्जी क	नैनापुर सोलार प्रोजेक्ट-१	बाँके	१०	२०७८	
				१२२.४		

(स्रोतः नेपाल विद्युत प्राधिकरण, बार्षिक प्रतिवेदन २०२४)

तालिका १५: क्षेत्रिय कार्यालय मातहत रहेका वितरण प्रणालीको विवरण

ने.बि.प्र.का क्षेत्रीय/प्रादेशिक कार्यालय	सब-स्टेसन संख्या	सब-स्टेसन क्षमता	३३ के.भी. लाइन कि.मि.	११ के.भी. लाइन कि.मि.	०.४/०.२३ के.भी. (कि.मि.)	ट्रान्सफर्मर संख्या/क्षमता (MVA)
नेपालगंज	१३	२०७	१२४२	३८८९	११७११	४८१३/४८१
बुटवल	२५	३६५	१३५८	४८३०	१४८४६	३३२९/२९४
कुल	**३८**	**५७२**	**२६००**	**८७१९**	**२६५५७**	**८१४२/७७५**

(स्रोतः नेपाल विद्युत प्राधिकरण, बार्षिक प्रतिवेदन २०२४)

तालिका १६: उच्च क्षमताका विद्यमान प्रसारण लाइन

सि.नं.	१३२ के.भी. लाइन	लम्बाई (कि.मि)	कैफियत
१	भरतपुर-कावासोती-बर्दघाट	७०	Single
२	बर्दघाट-गण्डक	२८	Double
३	बर्दघाट-बुटवल	८६	Double
४	बुटवल-काली गण्डकी (निजि क्षेत्र)	११६	Double
५	बुटवल-शिवपुर-लमही	२३०	Double
६	लमही-झिमरुक (निजिक्षेत्र)	५०	Single
७	लमही-कोहलपुर	२५०	Double
८	कुसुम-हापुरे	२०.३	Single
९	बुटवल-लुम्बिनी	४४	Single

सि.नं.	१३२ के.भी. लाइन	लम्बाई (कि.मि)	कैफियत
१०	गुल्मी-अर्घाखाँची-गोरुसिन्घे	२२०	Double
११	लमही-घोराही	३८	Single
१२	घोराही-माडीचौर	८०	Double
१३	भुमही-हकुई	१६	Double

(स्रोतः नेपाल विद्युत प्राधिकरण, बार्षिक प्रतिवेदन २०२४।)

यस प्रदेशमा नेपाल विद्युत प्राधिकरणको नेपालगञ्ज र बुटवलमा प्रादेशिक कार्यालयहरू रहेकोमा प्रादेशिक कार्यालय मातहतका वितरण केन्द्रहरू मार्फत विद्युत सेवा सम्बन्धी कार्यहरू भइरहेको छ। यस प्रदेशमा ३८ वटा विद्युत सब-स्टेसनहरू रहेकोमा कोहलपुर, लमही, शिवपुर, बुटवल, बर्दघाट, कुसुम र पाल्पा मुख्य मुख्य हुन्।

रोल्पाबाट प्यूठान भएर बगेर आउने माडी र झिमरुक नदी मिसिएपछि बग्ने राप्ती नदीको पानी उपयोग गरेर नौमुरे आयोजना अगाडि बढाउने तयारी भइरहेको छ। परियोजनाबाट २८१ मेगावाट विद्युत् उत्पादन तथा दाङ, बाँके र कपिलवस्तु गरी ३ जिल्लाका ८३ हजार हेक्टरभन्दा बढी जमिनमा सिँचाइ सुविधा पुग्नेछ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

४. मन्त्रालयको आर्थिक बर्ष २०८१/८२ को बार्षिक प्रगति सारांश

४.१ वित्तीय प्रगति सारांश

यस मन्त्रालय र मातहत कार्यालयहरूको लागि आ.ब. २०८१/८२ मा तथा पुँजीगत गरी रु. ३,२६,९९,०० हजार बिनियोजन भएकोमा रु. २,५१,२७,४१ हजार खर्च भएको थियो। विनियोजनको तुलनामा ७६.८४ प्रतिशत रकम खर्च भएको छ। आ.ब. २०८१/८२ मा बिनियोजन तथा खर्चको विवरण तपसिलको तालिका बमोजिम रहेको छ।

तालिका १७: आ.ब. २०८१/८२ को बिनियोजन र खर्च विवरण (रकम रु हजारमा)

सं.क्र	बजेट शिर्षक	वार्षिक	खर्च	वितिय प्रगति	भौतिक प्रगति
१	तर्फ	२५,८८,४९	१८,३५,३५	७०.९० %	
२	पूँजीगत तर्फ	३,०१,१०,५१	२,३२,९२,०५	७७.३६ %	८५%
कूल जम्मा		**३,२६,९९,००**	**२,५१,२७,४१**	**७६.८४ %**	**८५%**

४.२ बजेट उपशीर्षकगत प्रगति सारांश

आ.व. २०८१/८२ मा यस मन्त्रालयमा समानिकरण अनुदान तर्फ १० वटा कार्यक्रम र नेपाल सरकार सशर्त अनुदान तर्फ १ वटा कार्यक्रम गरी ११ वटा बजेट उपशीर्षकका स्रोतहरूबाट आयोजनाहरू कार्यान्वयन भएको भएका थिए। कार्यन्वयनमा भएका तथा पुँजिगत तर्फका कार्यक्रममा भएको बिनियोजन र खर्च सम्बन्धि विवरण तपसिल बमोजिम रहेको छ।

तालिका १८: बजेट उपशिर्षकगत बिनियोजन तथा खर्च विवरण (रकम रु हजारमा)

सि.न.	कार्यक्रमको नाम/ब.उ.शी.नं.	खुद बजेट	खर्च	खर्च %
अ	**वजेट**			
१	३०८०००११३ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	४७३३०	२१३५५	४५.१२%
२	३०८०००१२३ जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु	१४१७४७	१११८७६	७८.९३%
३	३०८०००१३३ भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु	३६५७१	२८०१६	७६.६१%
४	३०८०००१४३ सिँचाइ व्यवस्थापन कार्यालयहरु	३१००१	२१७९६	७०.३१%
५	३०८०००१९३ उर्जा विकास कार्यक्रम	२२००	४९२	२२.३६%
	जम्मा	**२५८८४९**	**१८३५३८**	**७०.९१%**

सि.न.	कार्यक्रमको नाम/ब.उ.शी.नं.	खुद बजेट	खर्च	खर्च %
आ	**पूंजिगत वजेट**			
क	**समानिकरण अनुदान**			
१	३०८०००११४ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	१४७५१	९९३	६.७३%
२	३०८०००१२४ जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु	४८००	४५३६	९४.५०%
३	३०८०००१३४ भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु	१२००	१०३६	८६.३३%
४	३०८०००१४४ सिँचाइ व्यवस्थापन कार्यालयहरु	२९००	२०९४	७२.२१%
५	३०८०००१५४ मझौला तथा बैकल्पिक प्रविधिमा आधारित सघन सिंचाई कार्यक्रम	८५९३७४	६२०८१०	७२.२४%
६	३०८०००१६४ भुमिगत स्यालो तथा डिपट्युववेल सिंचाई कार्यक्रम	३९९९००	२७४१६१	६८.५६%
७	३०८०००१७४ जलासय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम	४७३१०	२९४९८	६२.३५%
८	३०८०००१८४ सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम	७७०८८९	६१५५८८	७९.८५%
९	३०८०००१९४ उर्जा विकास कार्यक्रम	१३४८००	९५५८६	७०.९१%
१०	३०८०००२०४ जल उत्पन्न प्रकोप न्युनीकरण तथा व्यवस्थापन कार्यक्रम	६५५१२७	५६६५६१	८६.४८%
	जम्मा	**२८९१०५१**	**२२१०८६६**	**७६.४७%**
ख	**संघ शसर्त अनुदान**			
१	३०८९११२५४ मझौला सिंचाई आयोजना (संघ शसर्त अनुदान)	१२००००	११८३३९	९८.६२%
	जम्मा	**१२०००० **	**११८३३९**	**९८.६२%**
	पुँजिगत जम्मा	**३०११०५१**	**२३२९२०५**	**७७.३६%**
	कुल जम्मा (चालू+ पुँजीगत)	**३२६९९००**	**२५१२७४१**	**७६.८४%**

४.३ कार्यालयगत योजना कार्यान्वयनको अवस्था

समानिकरण अनुदान तर्फका १० वटा बजेट उप-शिर्षकहरूमा १७२८ वटा योजनाहरू र संघिय सशर्त तर्फ १ वटा बजेट उप-शिर्षकमा २ वटा गरी कुल १७३० वटा योजनाहरू आ.ब. २०८१/८२ मा संचालनमा रहेकोमा कार्यालयगत योजनाहरूको कार्यान्वयनको अवस्था तपसिल बमोजिम रहेको छ।

तालिका १९: कार्यालयगत योजना कार्यन्वयनको अवस्था

क्र. सं.	कार्यालयहरू	कुल आयोजना संख्या	निर्माणाधिन योजना	सम्पन्न योजना	कार्यान्वयन हुन नसकेका	कैफियत
१	जलस्रोत तथा सिँचाइ विकास डिभिजन नवलपरासी	५४	५	४०	९	
२	जलस्रोत तथा सिँचाइ विकास डिभिजन रुपन्देही	७१	१	६०	१०	
३	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, कपिलवस्तु	४२	८	३०	४	
४	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, पाल्पा	९७	७	७८	१२	
५	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, अर्घाखाँची	१३३	२	१२३	८	
६	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, गुल्मी	१४८	४	१३२	१२	
७	जलस्रोत तथा सिँचाइ विकास सब-डिभिजन, रुकूमपुर्व	६२	०	५९	३	
८	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, रोल्पा	१७४	६	१६२	६	
९	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, प्यूठान	१५२	७	१४३	२	
१०	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, दाङ	२७३	५	२६५	३	
११	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, बाँके	११०	१	९४	१५	
१२	जलस्रोत तथा सिँचाइ विकास डिभिजन, बर्दिया	५४	४	४९	१	
१३	भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन रुपन्देही	८६	१०	६८	८	
१४	भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन दाङ	८४	२	७१	११	
१५	भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन, बाँके	१३६	१२	१०७	१७	
१६	वाणगंगा सिँचाइ व्यवस्थापन कार्यालय, कपिलवस्तु	१	१	०	०	
१७	प्रगन्ना बड्कापथ सिँचाइ व्यवस्थापन कार्यालय, दाङ	३	१	२	०	
१८	प्रदेश ऊर्जा कार्यालय, दाङ	५०	२	३९	९	
जम्मा		**१७३०**	**७८**	**१५२२**	**१३०**	

४.४ आ.ब. २०८१/०८२ को मुख्य उपलब्धीहरू

४.४.१ सिँचाइ तथा नदी नियन्त्रण कार्य

आ.ब. २०८१/८२ मा यस मन्त्रालय मातहतका निकायहरूबाट ५६ वटा सिँचाइ बाँध/मुहान, ५ वटा लिफ्ट सिँचाइ योजना, ६० वटा डिप ट्युबवेल योजना, ३३० वटा स्यालो ट्युबवेल निर्माण पश्चात थप २३५३ हेक्टर खेति योग्य जमिनमा सिँचाइ सुबिधा विस्तार गरिएको छ गत आ.ब २०८१/८२मा सिँचाइ तथा नदी नियन्त्रण तर्फ भएका मुख्य उपलब्धी निम्न बमोजिम रहेको छ।

- आ.ब. २०८१/८२ मा २३५३ हे. थप जमिनमा सिँचाइ सुविधा विकास गरिएको र प्रदेश सरकार स्थापना भए पछि कुल २३१३५ हे. थप जमिनमा सिँचाइ सुविधा विकास गरिएको।
- ७५२९३.५० हे. जमिनको सिँचाइ संरचना सुदृढीकरण गरिएको।
- ९५.०६ हे. खेतीयोग्य जमिन तटवन्धबाट उकास भएको।
- १७१२ घर तथा ९४४ हे. खेतियोग्य जमिन तट्बन्ध गरी सुरक्षित गरिएको।
- तट्बन्ध गरी सार्वजनिक सम्पतिहरू, विद्यालय, बाटो, पुल, मन्दिर आदिको संरक्षण भएको ।

आ.व. २०८१/८२ मा भएका अन्य सूचकहरूको परिमाणात्मक उपलब्धी निम्नानुसार रहेको।

तालिका २०: आ.ब. २०८१/८२ मा सिँचाइ तथा नदी नियन्त्रणमा प्राप्त उपलब्धी

क्र. स.	सूचक	इकाई	आ.व.२०८१/८२	कैफियत
१	सिँचाइ बाँध/मुहान	वटा	५६.००	
२	पक्कि नहर/कुलो	कि.मि	१६१.९०	
३	स्यालो ट्युबवेल	वटा	२७८.००	
४	पावर ड्रिल स्यालो ट्यूववेल	वटा	५२.००	
५	डिप ट्युबवेल	वटा	६०.००	
६	लिफ्ट सिँचाइ	वटा	५.००	
७	सिँचाइको लागि बिधुतिकरण (HT Line)	वटा/किमी	१६.०२	
८	पाइपलाइन	किमी	१२२.७३	
९	पोखरी/जलासय	वटा	३३.००	
१०	थप सिँचाइ सुबिधा पुगेको क्षेत्र	हे	२३५३.००	
११	सिँचाइ संरचना सुदृढीकरण गरेको क्षेत्र	हे	८१०७.५०	
१२	नदीनियन्त्रण (तटबन्ध निर्माण)	कि.मि	२५.२०	

क्र. स.	सूचक	इकाई	आ.व.२०८१/८२	कैफियत
१३	नदी नियन्त्रणबाट उकास भएको जमिन	हे	९५.०६	
१४	तट्बन्धबाट सुरक्षित भएको जमिन	हे	९४४.०९	
१५	तट्बन्धबाट सुरक्षित भएको	घर	१७१२.००	

ऊर्जा तर्फ

मन्त्रालयको ऊर्जा विकास कार्यक्रमबाट आ.ब. २०८१/८२ मा विभिन्न गतिविधि संचालन भएकोमा ऊर्जा क्षेत्रमा प्राप्त उपलब्धि निम्न बमोजिम रहेको छ ।

तालिका २१: २०८१/८२ मा ऊर्जा क्षेत्रमा प्राप्त उपलब्धी

क्र.सं.	विवरण	इकाई	उपलब्धी	कैफियत
१	ट्रान्सफर्मर खरिद	थान	४	
२	PSC पोल खरिद तथा जडान	थान	१२५	
३	STP पोल खरिद तथा जडान	थान	२८८	
४	विद्युतीकरण कार्य LT लाईन	कि.मि.	१४५	
५	विद्युतीकरण कार्य HT लाईन	कि.मि.	८०	
६	सुधारिएको चुलो जडान	थान	१३००	
७	सोलार ब्याकअप सिस्टम जडान)संस्थागत(	थान	२५	
८	सौर्य ऊर्जा प्रविधि जडित क्षमता	कि .वाट पिक	१०२	
९	इन्ट्रीग्रेटेड सौर्य सडक बत्ती	थान	७०	
१०	इन्ट्रीग्रेटेड विद्युतीय सडक बत्ति जडान	थान	२४	
११	अन/अफ ग्रिड सडक बत्ति जडान	थान	५१५	
१२	हाईमाष्ट लाइटिङ्ग जडान	थान	२३	
१३	संस्थागत बायोग्याँस प्लान्ट निर्माण	संख्या	१	
१४	घरेलु वायोग्यास प्लान्ट निर्माण	संख्या	५०	

४.४.२ ऐन, कानुन निर्माण

प्रदेशमा हाल कार्यान्वयन भई रहेका सिँचाइ ,जलउत्पन्न प्रकोप व्यवस्थापन, ऊर्जा सम्बन्धी बिभिन्न विकास गतिविधिहरूको योजना छनोट देखि योजना कार्यान्वयन सम्मको समग्र कार्यहरूलाई थप व्यवस्थित बनाउन कार्यविधि निर्माण गरी एकरुपताका ल्याउन र कृषक उपभोक्ताहरूलाई सहज सेवा दिन कार्यविधि तयार गर्न समिति गठन गरी कार्य गरिएको थियो। कार्यबिधिको मस्यौदा तयार गर्न यस मन्त्रालयका सी.डी.हा.जि

तथा ऊर्जा महाशाखा प्रमुख श्री महेश पोखेलको अध्यक्षतामा सी.डी.ई श्री ईश्वर नाथ पक्वाँ, सि.डि.हा.जि. श्री केशब राज रिजाल, बरिष्ठ इन्जिनियर श्री भेषराज भुसाल र बरिष्ठ इन्जिनियर श्री सुबोध गुरागाई सदस्य रहेको समिति गठन गरी समग्र कार्यको सचिब श्री बिष्णु भण्डारीले संयोजन गरी तपसिल बमोजिमको ऐन तथा कार्यविधिहरूको मस्यौदा तयार गरिएको थियो।

» **प्रदेश ऊर्जा विधेयक —** यस अघि तयार भएको मस्यौदामा छलफल गरी परिष्कृत गरिएको र सरोकारवालहरू संग थप छलफल गरी स्वीकृतिको लागि पेश गर्ने गरी तयार भएको।

» **प्रदेश सिँचाइ विधेयक यस-** अघि तयार भएको मस्यौदामा छलफल गरी परिष्कृत गरिएको र सरोकारवालाहरू संग थप छलफल गरी स्वीकृतिको लागि पेश गर्ने गरी तयार भएको।

» **सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन योजना छनौट, कार्यान्वयन तथा मर्मत सम्भार कार्यविधि २०८१ -** मस्यौदा स्वीकृतिको लागि पेश गर्ने गरी तयार भएको।

